नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## दार्चुला

# गाउँ सभाको १५ औं अधिवेशनमा प्रस्तुत गरिएको आर्थिक वर्षः २०८१।८२ को बजेट वक्तव्य

२०८१ असार, १० सोमवार

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**गाउँ सभाका सभाध्यक्ष ज्यू,**

**यस गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशनमा आर्थिक वर्ष २०८१।८२ को वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म निकै हर्षित भएको छु ।**

यस गाउँपालिकाको समृद्धि र समग्र विकासको लागि गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकसित गाउँपालिका निर्माण गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न पाउँदा गर्वको महसुस गरेको छु ।

सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष (जनयुद्ध) मा गरेको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलन र संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता र पीडित नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याउने सम्पूर्ण देशभक्त नागरिकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

बजेट तथा कार्यक्रमहरू प्रस्तुत गर्दै गर्दा गाउँपालिका भित्र, गाउँपालिका बाहिर र विदेशमा रहनुभएका नौगाडबासी एवं सबै शुभ चिन्तकहरूले नौगाड गाउँपालिकाको विकासको लागि देखाउनु भएको चिन्ता, चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्दछु । यो बजेट निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय तथा प्रदेश कानूनहरू, गाउँपालिकाले तयार गरेका ऐन, नियम, कार्यविधिहरू, गाउँपालिकाले लिएका लक्ष्यहरू, विषयगत समितिका सुझाव, विकासका समसामयिक मुद्दाहरू र विज्ञहरूका सुझाव, परामर्श र सर्वपक्षीय/सर्वदलीय अन्तरक्रिया समेतलाई ध्यानमा राखेको छु ।



अध्यक्ष
नौगाड गाउँपालिका

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८१।८२ को बजेटका उद्देश्य तथा प्राथमिकका क्षेत्रहरू प्रस्तुत गर्न चाहन्छु।

**आर्थिक वर्ष २०८१।८२ का बजेट तथा कार्यक्रमका उद्देश्यहरू यस प्रकार रहेका छन् ।**

क) "गरिब विपन्न पिछडिएका समुदायको उत्थानमा हाम्रो ऐक्यबद्धता, सुशासन, पारदर्शिता, जवाफदेहीता सहितको समुन्नत पालिका निर्माण गर्ने हाम्रो प्रतिबद्धता" नारालाई साकार पार्दै सन्तुलित रूपमा वडागत विकास गर्ने र उच्च दरमा स्थानीय आर्थिक बृद्धि हासिल गर्दै समृद्ध नौगाड, सुखी नौगाडबासी भन्ने दीर्घकालीन सोचको दिशामा अघि बढ्नु ।

ख) नागरिकका मौलिक हक र अधिकारहरूको रूपमा रहेका आवश्यकताहरू शीघ्र परिपूर्ति गर्दै नौगाडबासीहरूको जीवनस्तरमा गुणात्मक सुधार गर्नु ।

ग) उपलब्ध स्रोत साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै सामाजिक न्याय सहितको आर्थिक विकास गर्ने राष्ट्रिय लक्ष्यलाई टेवा पुऱ्याउनु ।

घ) दिगो विकासका लक्ष्यहरूलाई पछ्याउँदै दिगो शान्ति, सुशासन युक्त, विकसित र समृद्ध गाउँपालिका निर्माणको लागि आधारशिला तयार गर्नु ।

ङ) गाउँपालिकाको जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार निर्माण गर्नु।

च) उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नु ।

छ) छिटो छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह गर्नु,

ज) सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि गर्नु,

झ) स्थानीय स्रोत साधनलाई प्राथमिकता दिई र जनसहभागिता बृद्धि गर्नु,

ञ) परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्नु,



अध्यक्ष
नौगाड गाउँपालिका

ट) वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकासमा टेवा पुऱ्याउनु,

ठ) गाउँपालिकाको राजस्व संकलनमा बृद्धि हुनु,

ड) जनताको जीवनस्तर, स्थानीय क्षेत्रमा रोजगारी र आम्दानी बृद्धि गर्नु,

ढ) विकास गतिविधिमा स्थानीय सहभागिता जुटाउनु,

ण) महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउनु,

त) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि गर्नु,

**थ)** भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउनु।

**सभाध्यक्ष महोदय**

म गाउँपालिकाको बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्न चाहन्छु ।

१. संघीय सरकार तथा प्रदेश सरकारको राजस्व सङ्कलनमा आएको न्यूनता र स्थानीय सरकारको सीमित आर्थिक क्षेत्राधिकार, न्यून राजस्व परिचालन क्षमता र संघीय तथा प्रदेश सरकार अनुदानमा निर्भरताका कारण गाउँपालिकाको स्रोतमा कमी हुँदा गाउँपालिकाको समग्र स्रोत व्यवस्थापन र सन्तुलनलाई व्यवस्थापन गर्ने ।

२. पालिका तथा वडागत योजना तथा कार्यक्रमहरूको पूर्वतयारी र प्राथमिकीकरण, विनियोजन, कुशलता, आयोजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा व्यवस्थित, सन्तुलित र समन्यायिक बनाउने ।

३. पालिका गौरवका र रणनीतिक महत्त्वका आयोजना घोषणा, स्थानीय आर्थिक स्थितिमा सुधार ल्याउने खालका कार्यक्रम तर्जुमा गरी स्रोत तथा साधनको परिचालन गरी समग्र स्थितिमा सुधार गर्ने।

४. संघ र प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने अन्तरसकारी वित्तीय हस्तान्तरणको प्रभावकारी कार्यान्वयन गर्ने ।

अध्यक्ष
नौगाड गाउँपालिका

५. गाउँपालिकाको स्रोत आंकलन र व्यय अनुमान वैज्ञानिक तथा समय सापेक्ष बनाउने ।

६. गाउँपालिकाको बजेटमा वास्तविक जनसहभागिता बृद्धि गरी स्थानीय स्रोतको परिचालन गर्ने ।

७. टुक्रे योजना तथा कार्यक्रमहरूमा हुँदै आएको बजेट विनियोजनलाई कम गर्ने ।

८. जनचाहना बमोजिम स्रोत साधन व्यवस्थापन तथा परिचालन गर्न नसक्नु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८१।८२ का बजेटका प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. सामाजिक विकास क्षेत्र,

२. भौतिक पूर्वाधार विकास क्षेत्र,

३. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र,

४. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्र,

५. आर्थिक विकास क्षेत्र,

**सभाध्यक्ष ज्यू,**

**अब आगामी आर्थिक वर्षको बजेटको प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. जनताको जीवनस्तर उकास्ने, स्थानीय क्षेत्रमा रोजगारी हुने र आम्दानी बढ्ने,

२. स्थानीय आर्थिक विकासमा टेवा पुग्ने,

३. उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने,

४. पालिकाको शैक्षिक गुणस्तरमा सुधार हुने,

५. नागरिकहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच बृद्धि हुने,

६. स्वच्छ खानेपानी र सरसफाईको सुविधामा पहुँच पुऱ्याउने,



अध्यक्ष
नौगाड गाउँपालिका

७. पालिकाबासीलाई दिगो तथा भरपर्दो ऊर्जा तथा विद्युत् सेवामा पहुँच पुऱ्याउने,

८. जन जीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार,

९. स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता वृद्धि हुने,

१०. परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने,

११. वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकासमा टेवा पुऱ्याउने,

१२. गाउँपालिकाको राजस्व सङ्कलनमा बृद्धि हुने,

१३. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

१४. महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

१५. लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि गर्ने,

१६. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउने।

१७. छिटो छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह हुने,

१८. सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि हुने,

१९. पिछडिएको वर्ग समुदाय मुलप्रवाहिकरणमा आउने,

२०. कृषि उत्पादन र उत्पादकत्व बृद्धि हुने,

**आदरणीय सभाध्यक्ष महोदय, गाउँ सभाका सदस्य ज्यूहरू,**

अब म आर्थिक वर्ष २०७९।०८० को यथार्थ आय-व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

अध्यक्ष
नौगाड गाउँपालिका

आर्थिक वर्ष २०७९।८० मा संघीय , प्रदेश अनुदान र आन्तरिक श्रोत गरी जम्मा रू. ४४ करोड ३२ लाख २४ हजार ४ सय ६० रूपैया २५ पैसा आम्दानी भएको थियो । त्यसै गरी कूल खर्च मध्ये चालु खर्च रू. २८ करोड ६० लाख ९१ हजार ९ सय ३८ रूपैया १७ पैसा र पुँजीगत खर्चतर्फ रू. १२ करोड ६६ लाख ८ हजार २ सय ५७ रूपैया गरी जम्मा खर्च रू. ४१ करोड २७ लाख १ सय ९५ रूपैया १७ पैसा खर्च भएको छ ।

त्यसैगरी आर्थिक वर्ष २०८०।८१ मा रु. ४१ करोड ६३ लाख ४७ हजार ५ सय आय अनुमान गरिएकोमा यो बजेट तयार पार्दासम्म विभिन्न अख्तियारीहरू समेतका आधारमा संशोधित आय अनुमान रू. ४१ करोड ०१ लाख १४ हजार ६ सय २४ रूपैयाँ रहेको छ । त्यसैगरी चालु खर्च तर्फ रू. ३१ करोड ०४ लाख ७६ हजार ५ सय रूपैया र पुँजीगत खर्च तर्फ रू. १० करोड ६७ लाख ४४ हजार ४४ रूपैयाँ संशोधित अनुमान थियो ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८१।८२ को अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८१।८२ मा संघीय सरकार समानिकरण अनुदान तर्फ १० करोड २५ लाख, संघीय सरकार सशर्त चालु अनुदान तर्फ १७ करोड ४९ लाख ९६ हजार, संघीय सरकार शसर्त पुँजीगत अनुदान १४ लाख , संघीय विशेष अनुदान १ करोड ५० लाख, संघीय सरकार राजस्व बाँडफाँडबाट प्राप्त रू. ८ करोड ८६ लाख गरी संघीय सरकारबाट जम्मा रू. ३८ करोड २४ लाख ९६ हजार आय अनुमान गरेको छु ।

यसैगरी प्रदेश सरकार समानिकरण अनुदान रू. ९२ लाख ३२ हजार, प्रदेश सशर्त अनुदान चालु रू. ७ लाख ६० हजार, प्रदेश सशर्त अनुदान पुँजीगत रू. २० लाख, प्रदेश विशेष अनुदान चालु ७० लाख, प्रदेश समपूरक अनुदान ६६ लाख २५ हजार र प्रदेश सवारी साधन कर बाफत रू. १५ लाख ४५ हजार गरी प्रदेश सरकारबाट जम्मा

रू. २ करोड ७१ लाख ६२ हजार आय अनुमान गरेको छु ।



अध्यक्ष
नौगाड गाउँपालिका

त्यसैगरी यस नौगाड गाउँपालिकाको आन्तरिक आय रू. ५० लाख र २०८०।८१ मा बैंक बचत हुन सक्ने रू. २ लाख गरी जम्मा रू. ५२ लाख अनुमान गरी कूल आय रू. ४१ करोड ४६ लाख ५८ हजार अनुमान गरेको छु ।

आगामी आर्थिक वर्ष २०८१।८२ मा रु.३२ करोड ९७ लाख ७४ हजार ९ सय चालु तर्फ र पुँजीगत तर्फ रु. ८ करोड ५० लाख ८३ हजार १ सय गरी जम्मा रु. ४१ करोड ४८ लाख ५८ हजार व्यय अनुमान गरेको छु ।



अध्यक्ष
नौगाड गाउँपालिका

**आदरणीय सभाध्यक्ष महोदय**

अब म खर्चको क्षेत्रगत व्यय अनुमान विवरण प्रस्तुत गर्दछु ।

**आर्थिक विकास क्षेत्र**

१. कृषि क्षेत्रका लागि रु.९८ लाख २८ हजार रुपैयाँ विनियोजन गरेको छु ।

२. पशुपन्छी विकास तर्फ रु. ४१ लाख ४७ हजार रकम विनियोजन गरेको छु ।

३. पालिकाको उद्योग क्षेत्रको विकासका लागि रु. ३१ लाख २४ हजार ४ सय रकम विनियोजन गरेको छु ।

४. पर्यटन क्षेत्रको विकासका लागि रु. ३५ लाख ६१ हजार ५ सय, सहकारी तर्फ रु. ७ लाख रकम विनियोजन गरेको छु ।

५. जलस्रोत व्यवस्थापन तथा सिँचाई विस्तारका लागि रु. १ करोड ५६ लाख ८५ हजार रकम विनियोजन गरेको छु ।

६. वन वातावरणका तर्फ रु. ८० हजार विनियोजन गरेको छु ।

७. भूमि व्यवस्था तर्फ रु. १० लाख ५० हजार रकम विनियोजन गरेको छु ।

८. समग्रमा आर्थिक विकास क्षेत्रमा रु. ३ करोड ८१ लाख ७५ हजार ९ सय विनियोजन गरेको ।

**सामाजिक विकास क्षेत्र**

१. सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रु. ४५ लाख ७० हजार विनियोजन गरेको ।

२. युवा तथा खेलकूद क्षेत्रको विकासका लागि रु. २० लाख ७५ हजार बजेट विनियोजन गरेको छु ।

३. **खानेपानी तथा सरसफाई** तर्फ फम्पे सिप्टी बृहत खानेपानी तथा सरसफाई योजनाका लागि रु. १० लाख, खार बजार ढल निकास तथा पर्खाल निर्माणका लागि रु. ३ लाख ५० हजार, थाङलिङ बस्ती देखि गुदरा सम्म ढल निकासका लागि रु. २ लाख, मोतेउडा ढल निकासका लागि रु. ८० हजार, देउलाडमा आकासे ट्याङ्की निर्माणका लागि रु. १ लाख र पालिका भरीका जनताको स्वच्छ



अध्यक्ष
नौगाड गाउँपालिका

खानेपानीमा पहुँच विस्तार र खानेपानी तथा सरसफाई संरचना निर्माण गर्न रु. ६७ लाख ६० हजार बजेट विनियोजन गरेको छु ।

४. भाषा तथा संस्कृति संरक्षण र प्रवर्द्धनका लागि रु. १४ लाख ७० हजार बजेट विनियोजन गरेको छु।

५. **शिक्षा क्षेत्र तर्फ;** गाउँपालिका अनुदान शिक्षक कोटामा कार्यरत शिक्षकहरूका लागि आवश्यक रु. २ करोड ८१ लाख ७ हजार ५ सय, विद्यालय कर्मचारी, बाल विकास र विद्यालयका कार्यालय सहयोगीहरूको पालिका म्याचिङ फन्डमा रु. ६८ लाख २५ हजार, शैक्षिक सुधार कार्यक्रम, विद्यालय शिक्षा, दिवा खाजा कार्यक्रम लगायतका कार्यक्रमहरूका लागि आवश्यक बजेट गरी शिक्षाको क्षेत्र तर्फ रु.१९ करोड १७ लाख ९८ हजार ५ सय रकम विनियोजन गरेको छु ।

६. स्वास्थ्य सेवा; आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक बजेट रु. ६ करोड ४७ हजार ६ सय विनियोजन गरेको छु ।

७. समग्रमा सामाजिक विकास क्षेत्र तर्फ रू. २६ करोड ६८ लाख ७१ हजार १ सय विनियोजन गरेको छु।

**भौतिक पूर्वाधार विकास क्षेत्र**

१. यातायात पूर्वाधार निर्माण तथा विकासका लागि रु. ९९ लाख ७५ हजार रकम विनियोजन गरेको छु।

२. भवन, आवा तथा सहरी विकास तर्फ रु. १ करोड ४० लाख ४० हजार रकम विनियोजन गरेको

३. भौतिक पूवार्धार विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४. समग्रमा भौतिक पूर्वाधार विकास क्षेत्रमा रु. २ करोड ३१ लाख ४५ हजार विनियोजन गरेको छु ।

**सुशासन तथा अन्तर सम्बन्धित**

१. स्थानीय शासन प्रणाली सुधारका लागि रु. ८० लाख बजेट विनियोजन गरेको छु ।

२. कानून तथा न्याय तर्फ रु. ५ लाख बजेट विनियोजन गरेको



अध्यक्ष
नौगाड गाउँपालिका

३. प्रशासकीय सुशासन तर्फ रु. १ करोड २२ लाख बजेट विनियोजन गरेको छु ।

४. श्रम तथा रोजगारी तर्फ रु. ९४ लाख ८ हजार विनियोजन गरेको छु ।

५. विपद् व्यवस्थापन तर्फ रु. ५८ लाख ५ हजार विनियोजन गरेको छु ।

६. समग्र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा रु. ४ करोड ३८ लाख ३७ हजार विनियोजन गरेको छु ।

**कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र**

१. कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा रु. ४ करोड ६९ हजार विनियोजन गरेको छु ।

**त्यसैगरी अब म पालिका गत वडागत बजेटको संक्षिप्त चालु तथा पुँजीगत व्यय अनुमान प्रस्तुत गर्दछु ।**

६ वटै वडा कार्यालय तथा मातहतका कार्यालयहरूको कार्यालय सञ्चालन, व्यवस्थापन तथा सेवा सुदृढीकरणका लागि प्रत्येक वडालाई ५ लाखका दरले वडागत चालु खर्च तर्फ एकमुष्ट ३० लाख रुपैयाँ विनियोजन गरेको।

६ वटै वडाका वडागत विकास योजनाहरू सञ्चालनका लागि पुंजीगत तर्फ एकमुष्ट रु. २ करोड रूपैयाँ विनियोजन गरेको छु । उक्त बजेट सिमि भित्र रहेर वडा समितिको सिफारिस बमोजिम विकास कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । सो विनियोजन बजेटलाई जनसंख्या र भौगोलिक विकटका आधारमा देहाय अनुसार वडागत रूपमा बजेट बाँडफाँट गरी वियोजन गरेको छु ।

वडा नं. १ को वडागत विकास योजना सञ्चालन तथा पुँजीगत खर्च तर्फ रु. ३० लाख विनियोजन गरेको छु।

वडा नं. २ को वडागत विकास योजना सञ्चालन तथा पुँजीगत खर्च तर्फ रु. ३३ लाख विनियोजन गरेको छु।

वडा नं. ३ को वडागत विकास योजना सञ्चालन तथा पुँजीगत खर्च तर्फ रु. २९ लाख विनियोजन गरेको छु।

अध्यक्ष
नौगाड गाउँपालिका

वडा नं. ४ को वडागत विकास योजना सञ्चालन तथा पुँजीगत खर्च तर्फ रु. ४१ लाख विनियोजन गरेको छु।

वडा नं. ५ को वडागत विकास योजना सञ्चालन तथा पुँजीगत खर्च तर्फ रु. २१ लाख विनियोजन गरेको छु।

वडा नं. ६ को वडागत विकास योजना सञ्चालन तथा पुँजीगत खर्च तर्फ रु. ४६ लाख विनियोजन गरेको छु।

अध्यक्ष
नौगाड गाउँपालिका

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८१।८२ को विनियोजनको मुख्य मुख्य आयोजना, कार्यक्रम तथा क्रियाकलापहरूमा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

- स्वास्थ्य सेवा सुदृढीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- धुलिगडा खेडा बजार कटान तथा बस्ति सुरक्षा. बाढीको जोखिम न्यूनिकरणका गर्न धुलिगडा मसानघाट देखि थालिगाड घट्ट सम्म तटबन्ध निर्माणका लागि रु. १ करोड ५० लाख रकम विनियोजन गरेको छु ।
- मालिकार्जुन आ.वि. नौगाड ६ मल्ला रैचुको विद्यालय भवन निर्माणका लागि रु. ६६ लाख ५० हजार रकम विनियोजन गरेको छु ।
- भैरव आ.वि. नौगाड-४ सिप्टीको भवन निर्माणका लागि रु. ६६ लाख रकम विनियोजन गरेको छु ।
- विद्यालयहरूको आवश्यकता अनुसार भौतिक संरचना निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण अधुरा रहेका विद्यालयहरूको भवन निर्माण कार्य पूरा गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- शिक्षकहरूको क्षमता विकास गर्न र सामुदायिक विद्यालयको लेखा व्यवस्थापन लाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- दलितहरूको परम्परागत पेशा व्यवसाय लाई प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- एकल पुरूष र अविवाहित एकल महिलाहरूलाई मासिक रू ५०० दरले भत्ता उपलब्ध गराउन रू ३ लाख विनियोजन गरेको छु।
- सरकार द्वारा निःशुल्क गरिएका औषधी उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु।
- लामो समय सम्म औषधी सेवन गर्ने नागरिकहरूको औषधी खरिद गर्दा लाग्ने शुल्क पालिकाले व्यहोर्ने व्यवस्था मिलाएको छु।
- पालिका भरीका कृषि तथा माटे सडकहरू सफाइ र मर्मत सम्भारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।



अध्यक्ष
नौगाड गाउँपालिका

- सार्वजनिक सम्पत्ति भवन, मठ मन्दिर लगायतका अन्य सम्पत्तिहरूको संरक्षण तथा मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- महिला शसक्तिकरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दिवस मनाउनका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।
- राष्ट्रपति रनिङ् शिल्ड सञ्चालन तथा व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु ।
- टुहुरा बालबालिकाहरूको शिक्षा तथा पालन पोषणमा टेवा पुर्याउन रू ३ लाख विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयहरूमा रहेको विद्यार्थी शिक्षक अनुपात अनुसार विषयगत शिक्षकहरू व्यवस्थापन गर्न गाउँपालिका अनुदान शिक्षक दरबन्दी अनुसार आवश्यक बजेट विनियोजन गरेको छु।
- माटोको गुणस्तर मापन गर्न र सोही अनुसारको उत्पादनलाई प्रोत्साहन गर्न माटो परीक्षणको लागि आवश्यक व्यवस्था मिलाएको छु।
- एक वडा २ कृषि प्राविधिक कार्यक्रमको लागि आवश्यक विनियोजन गरेको छु।
- एक वडा २ पशु प्राविधिक कार्यक्रमको लागि आवश्यक विनियोजन गरेको छु।
- आधारभूत अस्पतालका लागि आवश्यक जनशक्ति परिचालनका तथा अस्पताल सञ्चालनका लागि लागि विनियोजन गरेको छु ।
- स्थायी कर्मचारीहरूको अभावलाई कम गर्न गाउपालिका सेवा सुदृढिकरण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- गाउँपालिकाको वडा नं. १ नागु र वडा नं ६ को गडिगाडमा वर्थिङ सेन्टर सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- आगामी आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकाको नयाँ प्रशासकीय भवनबाट नै सेवा प्रवाह सुचारु गर्न आवश्यक पर्ने बजेट विनियोजन गरेको छु।
- सूचना प्रविधि अधिकृत MIS अपरेटर तथा फिल्ड सहायक एक गाउँ एक कृषि प्राविधिक र मेडपा कार्यक्रम अन्तर्गतका उद्यम विकास सहजकर्ताहरूको लागि आवश्यक गाउँपालिकाको अंश विनियोजन गरेको छु।

अध्यक्ष
नौगाड गाउँपालिका

- भारतीय राजदुतावासको सहयोगमा निर्माणाधीन इयरकोट स्वास्थ्य चौकी भवन निर्माणको गाउँपालिकाले व्यहोर्नु पर्ने अंशको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- पछिल्ला आर्थिक वर्षहरूमा संघीय सरकार र पालिकाको लागत साझेदारी ठेक्का भई निर्माण सम्पन्न आयोजना तथा कार्यक्रमहरूको पालिका व्यहोर्नु पर्ने अंश भुक्तानी सुनिश्चित गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

- विभिन्न किसिमका सामाजिक विकृति विसङ्गति तथा अपराधिक गतिविधिहरूलाई न्यूनीकरण गरी शून्यमा झार्न समाजमा प्रत्यक्ष रूपमा देखिने मद्यपान, धूम्रपान र जुँवातास जस्ता क्रियाकलापहरूलाई नियन्त्रण गर्न कार्यविधि बनाई लागू गरिनेछ ।साथै दुर्व्यसन तथा कुलतबाट छुटाउन र सकारात्मक सोचको विकास गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- **"अध्यक्ष सँग जनता सञ्चार कार्यक्रम"** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । ।

- सुनौला हजार दिनका महिलाहरूको स्वास्थ्य अवस्थामा सुधार ल्याउन **"सुत्केरी कोसेली कार्यक्रम"** सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- पालिकाका विषयगत शाखाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- पालिकामा किसान कोसेली घर निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय**

बजेट कार्यान्वयनको कार्यतालिका बनाइ त्रैमासिक लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयन गर्दै जाने । प्रचलित कानुन अनुसार ठेक्का मार्फत गर्नुपर्ने कार्यक्रमहरू असोज मसान्त भित्र ठेक्का सम्झौता गरिसक्ने गरी आवश्यकता व्यवस्था मिलाएको छु । श्रम सहकारीहरूको दर्ता तथा नवीकरणको कार्य भाद्र मसान्तभित्र सम्पन्न गरी असोज मसान्तभित्र योजना तथा कार्यक्रम सम्झौता गरिसक्ने गरी कार्यतालिका निर्धारण गर्ने गरी व्यवस्था मिलाएको छु । पालिका भित्र सञ्चालन गरिने पालिकागत तथा वडागत योजना तथा आयोजना चैत्र मसान्त भित्र सम्पन्न हुने गरी सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु । आयोजना तथा



अध्यक्ष
नौगाड गाउँपालिका

कार्यक्रमहरूको नियमित रूपमा प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाएको छ । यसबाट बजेट कार्यान्वयनमा पारदर्शिता जवाफदेहिता कायम भइ सुशासन संस्थागत हुने विश्वास लिएको छ ।

**सभाध्यक्ष महोदय**

पुँजीगत क्षेत्रको विनियोजन बजेट समयमानै खर्च हुने गरी वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाउन सम्बन्धित सबै शाखाहरूलाई जिम्मेवार बनाइने छ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने र निर्माणमा गुणस्तर कायम गर्न निर्माण व्यवसायी, श्रम सहकारी, सरोकारवाला सबैलाई जिम्मेवार र गाउँपालिका प्रति पूर्ण जबाफदेही बनाइने छ ।

**आदरणीय सभाध्यक्ष महोदय**

यस बजेटको कार्यान्वयन बाट नौगाड गाउँपालिकाको सुशासन विकास र सेवाप्रवाह प्रभावकारी हुन गइ यस क्षेत्रका नागरिकहरूको जीवनस्तरमा सुधार आउने अपेक्षा लिएको छु। बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरू कार्यपालिकाका सदस्यज्यूहरू र अन्य सम्पूर्ण जनप्रतिनिधि ज्यूहरू, राजनीतिक दलका प्रतिनिधिहरू ज्यूहरू, विभिन्न विषयका विज्ञहरू सामाजिक अभियन्ताहरू र गाउँ कार्यपालिकाका शाखा प्रमुख लगायत अन्य कर्मचारीहरू मा हार्दिक आभार प्रकट गर्दछु। साथै बजेट तथा कार्यक्रम तर्जुमामा अहोरात्र खटिनु भएका प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा प्रमुख ज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु।

**सभाध्यक्ष महोदय, सभा सदस्य ज्यूहरू,**

**अन्त्यमा,**

यस बजेटको प्रभावकारी कार्यान्वयनमा योगदान पुर्याई दिनुहुन नौगाड गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी , नौगाड गाउँवासी आम आमाबुबा दिदिबहिनी तथा दाजुभाइ, राजनीतिक दलका नेता तथा कार्यकर्ता, शिक्षक, समाजसेवी, नागरिक समाजका अगुवाहरू र पत्रकार मित्रहरूमा हार्दिक आह्वान गर्दछु । धन्यवाद !

**२०८१ असार १०**
**जगत सिंह ठगुन्ना**
**(उपाध्यक्ष)**



अध्यक्ष
नौगाड गाउँपालिका